“हामी सवैको शान, समृद्ध सुनकोशी हाम्रो अभियान”

# सुनकोशी गाउँपालिका

## आ. व. २०८३।०८४ को

SUNKOSHI RM

**वार्षिक नीति तथा कार्यक्रम**

**<u>प्रस्तुत कर्ता</u>**

**दिपा बोहोरा दाहाल**

**अध्यक्ष**

**२०८३।०३।५ गते रोज ६ शुभम ।।।**

१९ औ अधीवेशनको ३९ औ वैठकमा मिति २०८३ असार ५ गते शुक्रबार सुनकोशी गाँउपालिकाका अध्यक्ष श्री दिपा वोहोरा दाहाल ज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८३।२०८४ को नीति तथा कार्यक्रम

SUNKOSHI RM

सुनकोशी गाँउपालिका

रामटार, सिन्धुली ।

**सुनकोशी गाउँपालिकाका उपाध्यक्षज्यू,**

**गाउँसभा सचिवज्यू**

**गाउँसभाका सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी मित्रहरु,**

**संचारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु,**

**साथै गाउँपालिकाको आधिकारिक फेसबुक पेज एवमं रेडियोबाट प्रत्यक्ष अप्रत्यक्षरुपमा हेरिरहनु भएका सम्पूर्ण नेपाली तथा सुनकोशीवासी आमावुवा, दाजुभाई र दिदीबहिनीहरु ।**

विक्रम सम्वत २०७९ बैशाखमा सम्पन्न भएको स्थानीय तह निर्वाचनबाट सुनकोशी गाउँपालिकाका मतदाताले हामीलाई अमुल्य मत दिई जनप्रतिनिधिको रुपमा निर्वाचित गरी स्थानीय सरकारको बागडोर सम्हाल्न अवसर दिनुभएको ४ वर्ष पुगेको छ।यस सुखद परिस्थितिमा सुनकोशी गाउँपालिकाको १९ औं गाउँसभाको अधिवेशनलाई आज सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूती भएको छ। मलाई थप गर्वको अनुभूति त के छ भने २०७४ बाट हाल सम्म दुई पटक अध्यक्ष पदमा निवार्चित गराउनु भई यस गरिमामय सभाको पहिलो र दोस्रो कार्यकालका अधिवेशका सम्पुर्ण वैठक संचालन गर्ने अवसरलाई मेरो जीवनको सुनौलो समयको रुपमा लिई गाउँपालिकाको सभामा नीति कार्यक्रम प्रस्तुत गरिरहदाँ तमाम सुनकोशीवासी प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि, सार्वभौमसत्ता र स्वाधिनताको रक्षा, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतान्त्रिक मुल्य र मान्यताको स्थापनाको लागी इतिहासका कालखण्डमा भएको विभिन्न आन्दोलनमा वलिदान गर्नुभएका तथा देश र जनताको मुक्तिका खातिर युद्धमैदानमा लड्दा लड्दै आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात/अज्ञात शहिदहरुप्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते तथा बेपत्ता परिवारहरु,

SUNKOSHI RM

नागरिक समाज एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरुप्रति विशेष सम्मान सहित स्मरण गर्न चाहन्छु ।साथै मुलुकको राजनैतिक परिवर्तनको लागी विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागण, यस गाउँपालिकाका सबै अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्वहरु एवं सम्पूर्ण आदरणीय सुनकोशी गाउँपालिकाबासी नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

संघीय शासन प्रणालीमार्फत गठित दोस्रो स्थानिय सरकारको पाँचौ वार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ लिएर उपस्थित भएको छु।आर्थिक वर्ष २०८२।८३ सम्म आईपुग्दा राज्यको खस्कदो अर्थतन्त्र, राजश्व संकलनमा देखापरेको संकुचन, मुद्रास्फिति, व्यापार घाटा, रसिया-युक्रेन युद्ध, इरान र अमेरीका युद्ध एवं पछिल्लो जेनजी आन्दोलनबाट मुलुकमा देखा परेको आर्थिक शिथिलताको कारण विथोलिएको अर्थव्यवस्था जस्ता कारणबाट आ.व २०८३।८४ का लागी संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान गत वर्ष पनि र यो वर्ष पनि धेरै हदसम्म कटौती भएको अवस्था अवगत गराउन चाहन्छु।साथै यस गाँउपालिकाको दहत्तर बहत्तरको ठेक्का नलाग्दा राजस्वमा निरन्तर घाटा भएको अहिलेको वर्तमान परिस्थितिको साक्षी बन्दै यस गाउँपालिकाको भाग्य र भविष्यसंग जोडिएको आव २०८३।८४ को गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा हामी माझ अनेकौ चुनौतिहरु आइपरेको यथार्थ छ । सीमित स्रोत साधनबाट असीमित अपेक्षा, विकास निर्माण तथा बहुआयामिक विकासको लक्ष्य प्राप्तिको लागी थप चुनौती त छदैछ, तथापी सुनकोशी गाउँपालिकाको समृद्धिको यस अभियानमा यो एउटा अवसरको रुपमा रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरु**

हिजो आजको दिनहरुमा हाम्रा विकास क्रियाकलापले गर्दा आम नागरीकले केही सुखी र समृद्ध महसुस गर्न सक्ने भएका छन्।यो सबै तपाई हाम्रो विकासप्रतिको परिवर्तनको प्रतिफल एवं नागरिकको चाहनाबाटै सम्भव भएको छ।यसका लागी योगदान गर्ने संघीय सरकार ,प्रदेश सरकार, विकासका अन्य साझेदार संस्थाहरु,सम्पूर्ण राजनीतिक दलहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथिहरु एवं आम सुनकोशी गाउँपालिकावासी सर्वसाधारणमा म हार्दिक धन्यवाद दिन चाहन्छु ।

स्थानीय तहको दोस्रो कार्यकालको पाँचौ वर्षमा प्रवेश गरिरहदा हामीले अझै थुप्रै विकासमा उपलब्धि हाँसिल गर्नुपर्ने छ ।विगतका अनुभव तथा कमीकमजोरीलाई गम्भीर रुपमा समिक्षा गर्दै आगामी दिनमा अझ गतिशिल र दिगो विकास जनतालाई दिनु छ ।यस सन्दर्भमा नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरुसमक्ष दिलाउन चाहन्छु ।

**यस सभाका सदस्यज्यूरुहरु,**

अब म

SUNKOSHI RM

स्थानीय सरकारको रुपमा यस गाउँपालिकाको गरिमामय सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३।०८४ को बजेट, नीति तथा कार्यक्रमका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु।

- पालिकास्तरीय आयोजनाको रुपमा रहेका सडकको दिगो एवं गुणस्तरिय विकास गरी सुनकोशी गाउँपालिकामा समृद्धिको आधार तयार गर्नु,
- सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो एवं जनमुखी बनाई सार्वजनिक सेवा प्रवाहमा सबै खालका नागरिकहरुको सहज पहुँच एवं सर्वसुलभ सेवाको सुनिश्चिता गरी सुशासन कायम गर्नु ।
- राजश्व प्रशासनलाई पारदर्शी बनाउदै राजश्व चुहावटलाई न्यूनीकरण गरी आगामी दिनमा पालिकालाई आत्मनिर्भर बनाउनु,
- कृषिलाई उत्पादनमुखी बनाई स्थानीय कृषकलाई उत्पादनसँग आवद्ध गरी परम्परागत खेती प्रणालीलाई विस्थापन गरी किसानहरुलाई व्यवसायिक एवं आत्मनिर्भर बनाइ आर्थिक समृद्धि हासिल गर्नु ।
- प्रकोपजन्य जोखिमहरुको न्यूनीकरण गरी नागरीकहरुको जिउ धनको रक्षा गर्नु,
- रोजगारी सिर्जना मार्फत नागरिकलाई आत्मनिर्भर बनाउनु,
- शिक्षामा प्रविधिको उच्चतम प्रयोग मार्फत गुणस्तर अभिवृद्धि गरी जीवनउपयोगी बनाउनु।
- नेपाल सरकारले सन् २०३० सम्ममा हासिल गर्ने गरी लिएको दिगो विकास लक्ष्यको सपनालाई साकार पार्ने गरी योजना तयार पार्नु ।

**सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासाथ गरिएको छ ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को स्थानीय तहको आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- नेपालले अन्तराष्टिय जगतमा जनाएका प्रतिबद्धताहरू,
- स्थानीय शासन सञ्चालन सम्बन्धी कानून, आदेश, नियमावली, प्रावधानहरू,
- स्थानीय तहका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरू,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरू,

SUNKOSHI RM

- समुदाय, टोल, वस्तीस्तरमा भएका छलफल नागरिकस्तर बाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस ।

**यस सभाका सदस्य ज्यूहरु**

अब म प्रस्तुत नीति तथा कार्यक्रम मार्फत गाउँकार्यपालिकाले कार्यान्वयनमा ल्याउन खोजेको नीतिगत व्यवस्थाका बारेमा उल्लेख गर्न चाहान्छु ।

**सामाजिक विकास**

**शिक्षा तथा खेलकुद**

- शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न विषयगत रुपमा शिक्षक कमी भएका विद्यालयहरुमा दरबन्दी मिलान पश्चात शिक्षक कमी भएका विद्यालयहरुमा संघीय दरबन्दीमा अपुग भएमा आवश्यकताको आधारमा मात्र पालिकाबाट अनुदान शिक्षकको पदपूर्ति गरिनेछ । भविश्यमा क्रमशः **एक वडा एक आवासीय विद्यालय** कार्यक्रम कार्यान्वयनलाई जोड दिइनेछ।
- पूर्व प्राथमिक कक्षा/ बाल विकास केन्द्रहरुमा वाल मनोविज्ञानमा आधारित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइनेछ ।
- कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न आवश्यक सन्दर्भ सामग्रीहरुको विकास तथा छपाइ गरी शिक्षकहरुमा नविनतम शिक्षण विधिको प्रयोग गर्ने ज्ञान, सीप र दक्षता अभिवृद्धिमा जोड दिइनेछ।
- दैनिक रुपमा अधिकांश समय बालबालिकाहरु अभिभावकसङ्ग नै रहने तथ्यलाई मध्येनजर गर्दै **अभिभावक शिक्षा** मा जोड दिइनेछ । साथै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ।
- विद्यार्थीहरुमा अनुशासन तथा समाजसेवाको भावनालाई अभिवृद्धि गर्न सबै माध्यमिक विद्यालयहरुमा **स्काउट ट्रुप्स** स्थापना गरिनेछ।
- शिक्षालाई व्यवहारिक, जीवनोपयोगी र सीप मूलक बनाउन माध्यमिक तथा कक्षा १-८ संचालन भएका विद्यालयहरुमा क्रमश STEAM Lab को स्थापना गर्दै लगिनेछ।
- **मिसन १००% र मिसन ४ जीपिए** कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा कमजोर सिकाइ उपलब्धि भएका बालबालिका लागि विशेष सिकाइ सुधार अभियान सञ्चालन गरिनेछ।
- बालबालिकाहरुको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न नियमित परीक्षाबाहेक मासिक रुपमा पालिका स्तरबाट **बालबालिकाको मूल्याङ्कन, सिकाइ समस्याको तत्कालै समाधान** कार्यक्रम संचालन गरिनेछ।



SUNKOSHI RM

- कक्षा ८ र एसईईमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यार्थी र विषयगत रुपमा उत्कृष्ट नतिजा ल्याउन सफल शिक्षक तथा विद्यालयलाई सम्मान तथा पुरस्कारका लागि **विद्यार्थी-शिक्षक-विद्यालय सम्मान कार्यक्रम** गरिनेछ ।
- महिनाको एक दिन **"बुक होलीडे" कार्यक्रम** सञ्चालन गर्दै बालबालिकाको सिर्जनात्मक, प्रयोगात्मक र जीवनोपयोगी सिकाइ विकास गरिनेछ ।
- सुत्केरी विदामा महिला शिक्षकहरु रहँदा लामो समयसम्म विद्यालयमा पठनपाठनमा बाधा पुग्ने भएकोले उक्त अवधिका लागि बैकल्पिक शिक्षकको व्यवस्था गर्न आवश्यक योजना तथा कार्यक्रम तय गरिनेछ । साथै शिक्षक अभावलाई परिपूर्ति गर्न शिक्षक बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।
- शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन एवं बदलिदो शैक्षिक विधि तथा सामाग्रीहरुको बारेमा जानकारी गराई प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि शिक्षक तालिममा जोड दिइनेछ । सेवा प्रवाहलाई फेसलेस बनाउन विद्यालयमा ।CT व्यवस्थापनलाई जोड दिइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा समग्र शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापक- अध्यक्षसँग भएको ३५ बुँदे कार्यसम्पादन सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि त्रैमासिक रुपमा नतिजाको मापन सहित समीक्षा कार्यलाई जोड दिइनेछ ।शिक्षक तथा विद्यालयको कार्यसम्पादन मूल्याङ्कनलाई कार्यसम्पादन सम्झौतासँग तादत्म्यता कायम गरिनेछ ।
- शिक्षकहरुमा आउन सक्ने विषयगत समस्याको समाधान गर्न तथा विषयगत सिकाइ उपलब्धिलाई अभिवृद्धि गर्न विषयगत समितिलाई क्रियाशील बनाई नतिजाउन्मुख बनाइनेछ।
- यस गाउँपालिकाका स्थायी बासिन्दा भई सामुदायिक विद्यालयबाट एसईई उत्तीर्ण गरी एमविविएस, इन्जिनियरिङ लगायत प्राविधिक धारमा अध्ययन गरेका विद्यार्थीहरुलाई भविश्यमा पालिकामा सेवा पुर्याउन प्रोत्साहन गर्दै छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरु समेतको सहभागितामा **हाम्रो विद्यालयः राम्रो विद्यालय** कार्यक्रम मार्फत सुरक्षित, हरित र सफा विद्यालय अभियान संचालन गरिनेछ।
- **मेरो विद्यालयः मेरो गौरब** कार्यक्रम मार्फत विद्यालयमा पूर्व विद्यार्थी समाज स्थापना, अवकास शिक्षक तथा बुद्धिजीवीहरुको संलग्नतामा **विद्यालयलाई सहयोग गरौं**कार्यक्रमलाई जोड दिइनेछ।
- विद्यार्थीहरुको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन विद्यालयहरुमा सहअतिरिक्त क्रियाकलापहरुमा जोड दिइ माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी, हाजिरीजवाफ

SUNKOSHI RM

प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता र वडा स्तरमा आधारभूत तह स्तरीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ।

- खेलकुदको माध्यमवाट युवा तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा सहयोग पुयाउन विविध प्रकारका खेलकुद गतिविधि संचालन गरिनेछ ।

**स्वास्थ्य**

- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकासमा क्रमशः जोड दिइनुका साथै पालिका स्तरीय आधारभूत अस्पताल यथाशीघ्र संचालनमा ल्याउने तर्फ क्रियाशील रहन भवन निर्माणको लागी बजेटको सुनिश्चितता गरी प्रक्रिया अगाडी बढाइनेछ |
- **"सुरक्षित मातृत्व सुनकोशी गाउँपालिकाको दायीत्व"** भन्ने नारालाई सार्थक बनाउन बर्थिंग सेन्टरहरुको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनमा जोड दिइनेछ ।
- म.सा.स्वा.स्वयंसेविका कार्यक्रमलाइ महत्त्वका साथ हेर्दै प्रति महिना रु.३०००/- का दरले प्रोत्साहन भत्ता दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- अति गरिब /असहाय/घरवार विहीनहरुको प्राथमिक उपचारको व्यवस्थाको लागि यथोचित आर्थिक सहयोग गर्ने नीति लिइनेछ |
- गाउँ गाउँसम्म स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न प्रकारका नागरिक केन्द्रित एकीकृत घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ |
- पालिकालाई पूर्ण सरसफाई तथा पोषणमैत्री घोषणा गर्ने कार्यदिशा तर्फ निर्देशित भई क्रमश; कार्यान्वयनमा लगिनेछ|
- EHIRS सफ्टवेयर र PAMSV२ प्रणालीलाई प्रभावकारि र व्यवस्थित बनाउदै प्रयोगमा निरन्तरता दिइनेछ|
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन औषधि, प्रयोगशाला, एक्सरे मेशिन तथा औजार उपकरण तथा कर्मचारीको व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- ज्येष्ठ नागरिक, असहाय, अपांग तथा विपन्न नागरिकको स्वास्थ्य उपचारलाई निरन्तरता दिदै विगतझै आत्मीय सामुदायिक अस्पताल खाल्टेसँग समन्वय गरी नि;शुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ|
- औषधी पसल तथा क्लिनिकहरुलाई कानुनी दायरामा ल्याउन अनुगमन तथा निरीक्षण गरि सुझाव सल्लाह सहित व्यवसाय संचालन प्रक्रिया अगाडी बढाइने छ |

**आयुर्वेद**

SUNKOSHI RM

- योग तथा स्वस्थ्य जीवन कार्यक्रम संचालनमा ल्याइनेछ। पूर्वकर्म तथा पञ्चकर्म कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।पाइल्स, फिसर र फिस्टुला रोगको निशूल्क रुपमा उपचार गर्ने व्यवस्था मिलाइनेछ।
- आयुर्वेद सेवामा निशुल्क आयुर्वेद औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- **"गरौ योग रहौ निरोग"** भन्ने मुल नाराका साथ योग शिविर संचालन गरिनेछ ।

<u>**महिला, बालबालिका तथा जेष्ठ नागरिक एवं भाषा साहित्य कला संस्कृती**</u>

- न्यायपूर्ण समाजको जग निर्माणको लागी समानता,समता,समावेशीकरण र मूल प्रवाहिकरण कायम गर्न आर्थिक, सामाजिक, राजनीतिक र वित्तिय समानीकरण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- महिला, बालबालिका, दलित तथा उत्पिडित जनजाती ,विपन्न, सिमान्तकृत समुदाय, जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण, सहभागिता र सशक्तिकरणलाई स्थानीय विकासको मूल प्रवाहमा समावेश गरिने छ ।
- मानव बेचविखन,लैंगिक तथा घरेलु हिंसा,बालश्रम,छुवाछुत तथा सामाजिक कुरिति र कुप्रथाहरुको सबै पक्षको सहयोगमा न्यूनिकरणको लागी सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनका साथै शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।
- बालक्ल/बाल संजाल,किशोरी संजाल,आमा समुह लगायतको क्षमता विकास गरी बालमैत्री अभियानलाई अगाडी बढाउन बहस पैरवी गरिने छ ।
- घुम्ति शिविर आयोजना गरी अपांगता परिचय पत्र तथा जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यलाई प्रभावकारी बनाइने छ ।
- आमा बाबु दुबैको मृत्यू भएका बालबालिकाको शिक्षामा सहजताका लागी आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अगाडी बढाइने छ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय निकायको सबै योजना,कार्यक्रम तथा बजेटमा मूलप्रवाहीकरण गरिने छ ।
- विपन्न, दलित,जनजाती तथा जोखिममा रहेका महिलाहरुको लागी सीप विकास,उद्यमशीलता तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिने छ ।
- किशोरी सशक्तिकरण,प्रजनन् स्वास्थ्य,नेतृत्व विकास तथा जीवनोपयोगी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- बालमैत्री उद्यान्न,बालमैत्री खेलमैदान तथा सिकाई केन्द्रको विकास र विस्तार गरिने छ ।
- जेष्ठ नागरिकहरुको सम्मान,सुरक्षा तथा सामाजिक सहभागिता अभिवृद्धिका लागी जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिने छ ।

- अभिभावक विहिन, विपन्न अशक्त तथा जोखिममा रहेका जेष्ठ नागरिकको संरक्षण तथा आवश्यक सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि,सहायक सामग्री वितरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला,बालबालिका,जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण,सशक्तिकरण र सम्मानजनक जीवन यापन सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा सामुदायिक संघ संस्थाहरु सँग समन्वय र साझेदारीलाई प्रभावकारी बनाइने छ ।
- मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागी कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय कला,भाषा,संस्कृति,पुरातात्विक संपदाको विवरण अध्यावधिक गरि संरक्षण तथा प्रवर्धनका लागी कार्यक्रम सञ्चालन गरिने छ ।
- युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।
- निजामती सेवा तथा शिक्षा सेवामा महिला,जनजाती,दलितको पहुँच वृद्धिका लागी लोकसेवा तथा शिक्षा सेवा तयारी कक्षा सञ्चालन गरिने छ ।
- महिला तथा बालबालिका र हिंसा प्रभावित व्यक्तिहरुको लागी मनोसामाजिक मरामर्श,कानुनी सहायता तथा उद्दार सेवा उपलब्ध गराईने छ ।
- सुनकोशी गाँउपालिका भित्र रहेका गरिब, विपन्न असहाय जेष्ठनागरिक बालबालिका लगायतको स्वस्थ एवं गुणस्तरिय जीवनायापनका लागी विभिन्न पोषण कार्यक्रम संचालन गरिनेछ ।
- पालिका स्तरीय भाषा, कला संस्कृति सम्बन्धी क्रियाकलापहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक संस्थागत व्यवस्था गरी उक्त संस्थाको समन्वयमा प्रर्वद्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।
- पालिका भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।गाउँपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वद्धन गरिनेछ ।
- परम्परागत रुपमा चल्दै आएका तर हाल लोपोन्मुख रुपमा रहेका विभिन्न पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रर्वद्धनको लागि पुरातात्विक संग्राहलय स्थापना गरिने छ ।दलित, तामाङ्ग, मगर लगायतका जातिहरुको भाषा कला तथा संस्कृतीको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- यस वर्ष जस्तै दलित माझी तथा लोपन्मुख जातजातीको भाषा कला संस्कृतिको संरक्षण गर्दै समाग्री हस्तान्तरण गर्ने नीति निरन्तता दिईनेछ ।

SUNKOSHI RM

## आर्थिक विकास

### पशुपन्छी तथा मत्स्य विकास

- पशुपंक्षि तथा मत्स्य बिकास कार्यक्रम संचालन गर्नका लागि निर्देशिका कार्यबिधिहरु बनाई उक्त निति र कार्यबिधि अन्तर्गत कार्यक्रम संञ्चालन गरिने छ।
- हरेक टोल तथा वडाका पशुपंक्षि कृषक ब्यबसायिहरुको सुझाब माग र आबश्यकताको आधारमा कार्यक्रम संञ्चालन गरिनेछ।
- गाउँपालिकाको दिर्घकालिन सोच मासु अण्डा र दुधमा आत्मनिर्भर बनाउने अभियानमा आधारित पशुपालक मा युवा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।
- माछापालन प्रबद्धनका लागि नया पोखरि निर्माण पुराना पोखरी मर्मत तथा सुधार मत्स्य ह्याचरि र नर्सीरि स्थापना संञ्चालन तथा ब्यबस्थापन सम्भाब्यताको आधारमा चिसो पानिमा हुने र तातो पानिमा हुने माछा पालन कार्यक्रमहरु संञ्चालन गरिने छ।
- मासु तथा दुध उत्पादन बढाउनकोलागि गाई भैसि हरुमा कृत्रिम गर्भाधारण कार्यक्रम सञ्चालन गरिनेछ।
- पशु स्वास्थ्य र आहार ब्यबस्थापन कार्यक्रम लाई थप प्रभाबकारि रुपमा कार्यान्वियन गरिदै लगिने छ।
- जुनोटिक रोगको बारेमा गाउँपालिका भित्रका मा.बि स्कुल हरुमा बिध्यार्थी हरुलाई स्कुल शिक्षा कार्यक्रम संञ्चालन गरिनेछ।
- युवा स्वरोजगार कार्यक्रम अन्तर्गत काममा आधारित बिदेश बाट फर्किएका युबाहरु लक्षित गरी पशुपालनमा आधारित प्ािबिधिक र आर्थिक अनुदानका कार्यक्रम संञ्चालन गरिनेछ।
- पशुपंक्षिमा लाग्ने बिभिन्न किसिमका महामारिजन्य रोगहरुको खोप सञ्चालन गरि रोग हरु न्यूनिकरण गरिनेछ।
- कृषकहरुको माग र आबस्यकता को आधारमा पशुपंक्षि पालन तालिम र क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका सम्पुर्ण पशुपालक कृषक हरुमा ५०%प्रतिशत अनुदानमा पशुबिमा कार्यक्रम संञ्चालन गरिनेछ।
- गोबर,रगत दुध परिक्षण र अन्य परिक्षणका लागि गाउँपालिका स्तरिय पशु प्रयोगशाला स्थापना गरिने छ।
- संघ सस्थाको साझेदारिमा एक वडा एक सुधारिएको मासु पशल तथा डेरि उद्योग स्थापना गरिनेछ।

SUNKOSHI RM

- सामुदायिक कुकुर बन्ध्याकरण र रेबिज बिरुद्धको खोप कार्यक्रम संञ्चालन गरिनेछ।

## कृषि विकास

- वेमौसमी तरकारी खेती लाई प्रोत्साहन गरी तरकारीमा आत्मानिर्भर बनाइनेछ ।
- कृषि उत्पादनको क्षति न्युनिकरण र आम्दानी वृद्धिका लागी मुलकोटमा रहेको चिस्यान केन्द्रलाई आव २०८३।८४ देखी संचालनमा ल्याउन जोड दिइने छ ।
- “सजिव माटो, जैविक विविधता संरक्षणको बाटो" भन्ने कुरालाई आत्मसाथ गर्दै माटो परिक्षण र सुधारमा जोड दिइने छ ।
- खालि , बाँझो र सिमान्तकृत जमिनको उपयोगिता बढाउन लाई भौगोलिक संभाब्यताका आधारमा उपयक्त वाली/ बस्तुलाई प्रवर्द्धन गरिने छ ।
- कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायिकरण र बजारीकरण मार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न वडागत रुपमा विभिन्न कृषि पकेट कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तनको प्रभावलाई न्यूनिकरणमा लागि अनुकुलन तथा उत्थानशिलता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
- जिल्ला कृषि विकास कार्यालय,यस सुनकोशी गाउँपालिका र कृषि समुहको साझेदारीमा हाल बन्दिपुरमा संचालनमा रहेको समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- रासायनिक मलको व्यवस्थापन लाई थप सहज र बैज्ञानिक बनाइनेछ ।

## रोजगार प्रवर्द्धन

गाउँपालिका भित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एंव रोजगार सम्बद्ध सेवा तथा सरोकारवालाहरुको नक्साङ्कन गरिनेछ ।

२. रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई **रोजगार, सीप तथा उद्यमशीलता केन्द्र**बाट एकीकृत श्रम तथा रोजगारमुलक सेवा उपलव्ध गराईनेछ ।

३. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्मशीलता प्रबर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप स्थानीय तहको साझेदारीमा सञ्चालन गरिनेछ ।

४. डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखिकरण एवं प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६. रोजगारी सिर्जनाको लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागी आवश्यक समन्वय गरिनेछ ।

SUNKOSHI RM

७. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरी वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धि गरिनेछ।

८. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

९. स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदि नियन्त्रण, वृक्षारोपण लगायतका योजना तथा कार्यक्रममा आवश्यक पर्ने निर्माण सामग्री गाउँपालिका वा वडाले व्यवस्थापन गर्ने गरी रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई काममा लगाउन राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम सँग साझेदारिको व्यवस्था गरिनेछ

१०.बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचनामा पहुँच, न्यायमा पहुँच, सीप तथा क्षमता अभिवृद्धि, मनोसामाजिक परामर्श सेवा र वित्तिय साक्षरता सम्बन्धी गतिविधिहरुलाई थप प्रभावकारी बनाउन सामी परियोजना कार्यक्रम संचालन गरिनेछ।

११.अन्तर सरकार समन्वय र साझेदारी मार्फत कर्मचारी तथा रिटर्नी स्वयम्सेवक परिचालन गरिनेछ

१२. राष्ट्रिय रोजगार कार्यक्रमलाई व्यवस्थित गर्दै कार्यान्वयन गरिनेछ ।रोजगार कार्यक्रममा छनौटमा नपरेका वेरोजगार व्यक्तिहरुलाई पालिकाको श्रम रोजगार बैङ्कको स्थापना गरी पालिकाबाट कार्यान्वयन हुने विभिन्न योजना मार्फत रोजगार दिइने व्यवस्था मिलाइनेछ।राष्ट्रिय रोजगार कार्यक्रममा पालिकाले थप रकम विनियोजन गरिनेछ ।

**<u>उद्यम विकास, सहकारी, रोजगार र बाणिज्य</u>**

१. म पनि उद्यमी बन्न सक्छु कार्यक्रम मार्फत स्थानीय श्रोतसाधनमा आधारित मागका आधारमा तालिम तथा प्रविधिहरुको हस्तान्तरण गर्ने नितिलाई निरन्तर्ता दिईने छ । साथै आगामी आर्थिक वर्ष पनि डलकुशन, बुटिक, डोको, नाङलो वनाउने जस्ता कार्यक्रमलाई थप प्रविधि भित्राई व्यावसायिक मूलक बनाइनेछ ।

३. बैदेशिक रोजगारमा जाने युवाहरुलाई लक्षित गरेर शिपमुलक र प्राविधिक ज्ञान सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।साथै वैदेशिक रोजगारीमा रहेको व्यक्तिहरुको परिवारलाई विप्रेषण वित्तिय साक्षरता तथा उनीहरुको सीपलाई गाँउपालिकाको निर्माण प्रयोग गर्ने नीति कार्यक्रम संचालन गरिनेछ

४. पालिकाभित्र क्रियाशिल भएका सहकारीहरुलाई व्यवस्थापन गर्न कोपोमिस तालिम संचालन गरिनेछ।प्रकृया नपुगेका र समस्याग्रस्त सहकारिहरुको अध्ययन गरि खारेजीको प्रकृया अवलम्बन गरिनेछ ।

५. पालिका भित्र उत्पादित आलु तथा अन्य कृषिजन्य सामग्रीको ढुवानीमा गाउँपालिकाले उपलब्ध गराउदै आएको ढुवानी सेवालाई थप व्यवस्थित वनाइनेछ ।

SUNKOSHIRM

६. कृषि जन्य उत्पादनलाई भण्डार गरि लामो समयसम्म टिकाई राख्न  यस गाँउपालिका र प्रदेश सरकारको समन्वयमा मुलकोट चौरमा निर्माण भएको चिस्यान चालु आर्थिक वर्षभित्र संचालनमा ल्याईनेछ ।

**<u>पर्यटन</u>**

१. सुनकोशी गाउँपालिका वडा न १ मा रहेको आदिलिङ्ग कुशेश्वर महादेव,  सेती देवी मन्दिर वडा पाँचमा रहेको फापर चुली मन्दिर, सहश्रधार मन्दिर ५ नं, ५छोडतेन गुम्वा, लगायतका सवै क्षेत्रलाइ गापाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । अन्य पर्यटकीय स्थलहरुको विकास र प्रर्वद्धन गर्दै पर्यटकीय स्थलहरुको प्रचार प्रसारमा जोड दिईनेछ । पर्यटन विकासको लागि आवश्यक रकम विनियोजिन गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र पहिचान भएका र हुन बाकी रहेका पर्यटकीय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

**<u>पूर्वाधार विकास</u>**

**सडक तथा पुल**

१. अन्तर जिल्ला तथा अन्तरपालिका जोड्ने सडकको रुपमा रहेका रामटार वन्दिपुर, खाल्डे गौखर्क मझुवा खहरेखोला नेवारवारी अमारे सडक खण्ड वडा न ६, वडा न ७ मझुवा गौरीगाँउ अमारे सडक नागी चालिसे वन्दिपुर महादेवटार काफ्लेचौर, टुपिडाडाँ हुदै लालवन्दि, जङ्गेधारा दोभान डाडाँ ओखेनी वसेरी ध्याम्पाटार आपधारी सडक खण्ड, रेडक्रस चोक तम्लिङ्ग वरबोट कोटगाँउ, महादेवटार गणेशथान कालिमाटी डुडे लखनपुर डाँगी सडक खण्ड लक्ष्मि डाँडा डामटारी वडा कार्यालय कोटगाँउ सडक खण्ड मुलकोट नाङ्गेडाडा अमारे गौउखर्क सडक खण्ड खा, जोड्ने लगायत सुनकोशीको मुख्य आयोजनाको निमार्ण गर्न संघ र प्रदेश सरकारसंग प्राविधिक तथा आर्थिक साझेदारी मार्फत भैरहेको कार्यलाई निरन्तरता दिईने छ ।

२. पालिकाबाट प्रत्येक वडा कार्यलयहरुमा जोड्ने सडकहरुलाइ स्तरउन्नति गर्दै बाह्रै महिना संचालनमा ल्याउने व्यवस्था मिलाइनेछ ।साथै आगामी १० वर्षभित्र प्रत्येक वडा केन्द्र सम्म कालोपत्रे गर्ने कार्यलाई सम्पन्न गरिनेछ ।

३. गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरे बमोजिम पूर्वाधार निर्माणको क्षेत्रमा प्राथमिकताको आधारमा वार्षिक रुपमा रकम विनियोजिन गर्ने नीति लिइने छ ।

४. आगामी वर्ष भित्रमा पालिका भित्रका सबै वडामा रहेका ग्रामीण सडक सञ्जाललाई जोड्ने व्यवस्था मिलाउनुका साथै स्तरउन्नती गरिनेछ ।

SUNKOSHI RM

५. भौतिक पूर्वाधारको कार्यलाइ दिगो एवम गुणस्तरीय बनाउन आगामी वर्ष देखि Design software and lab test equipment मार्फत व्यवस्थित गरिनेछ। निर्माण कार्यलाइ दिगो र गुणस्तरीय बनाउनको लागि निर्माण कार्यमा संलग्न व्यक्तिलाइ उचित तालिमको व्यवस्था गरिनेछ।

७. सुनकोशी क्षेत्रभित्र संचालन हुने सम्पूर्ण पूर्वाधारजन्य योजनाहरुमा आगामी आव २०८३।८४ देखी ५ प्रतिशत रकम अनिवार्य रुपमा मर्मत संभार कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ।साथै हाल कन्टिन्जेन्सी रकम बापत हाल कट्टा गर्दै आएको ४% रकम लाई ३ % कायम गरिनेछ। जनश्रमदान बापत उपभोक्ता समितिहरुमा लागु हुदै आएको १२ प्रतिशत जनश्रमदान लाई आव २०८३।८४ बाट घटाइ १० प्रतिशत मा झारिनेछ ।

८.सुनकोशी गाउँपालिकाबाट विनियोजन भइ उपभोक्ता समितिहरुबाट कार्यान्वयन हुने योजनाहरु अनिवार्य रुपमा पालिकाको व्याकुलोडर मार्फत मात्र संचालन गरिनेछ ।र त्यसरी काम गरेको रकमलाई पालिकाको आन्तरिक स्रोतमा जम्मा गरिनेछ ।

९. पालिका भित्ररहेका प्रमुख तथा शाखा बाटोहरुलाई बाह्रै महिना नियमित रुपमा संचालन गर्न र दिगो उपयोग गर्न अब उप्रान्त नयाँ ट्र्याकको सट्टा नाला बनाउने कार्यलाई पालिकाको मेसिन मार्फत अगाडि बढाइनेछ ।

## भवन र सहरी विकास

१. बहुउद्धेशिय सभाहल भवनको लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरी निर्माण गर्न पहल गरिनेछ ।

२. उच्च जोखिममा रहेका बस्तीहरुको पहिचान गरी सुरक्षित आवास कार्यक्रम मार्फत स्थानान्तरण गर्न संघ तथा प्रदेश सरकार संग आवश्यक समन्वय गरी पहल गरिनेछ ।पूर्वाधार विकास गर्दा लैगिंक तथा दिगो विकासको अवधारणालाई अवलम्बन गरिनेछ।

३. पालिका भित्र रहेका सडकहरुमा पक्की पुल बनाउने ठाउँको पहिचान गरी निर्माण कार्यलाई पहल गरिनेछ भने झोलुङ्गे पुल आवश्यकता रहेको ठाउँको पहिचान गरि पहल कदमी गरिनेछ। निर्माण भई सञ्चालनमा रहेका पुलहरुको मर्मत संभार व्यवस्था गरिनेछ।

४. गाउँपालिका स्तरीय खेलकुद मैदानको निर्माण कार्य अगाडी वढाउन उपर्युक्त स्थान छनौट कार्य अगाडी बढाइनेछ ।

५. पालिकाको बजार क्षेत्र र मुख्य सडक क्षेत्रमा निर्माण हुने नयाँ घरहरु बनाउदा सडक मापदण्द तथा भवन आचारसहिता लागु गरिनेछ ।साथै सडक छेउछाउ घर बनाउदा अनिवार्य रुपमा नक्शा पास गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ। त्यसो नगरेमा पालकाकाट हुने सिफारिस उपलब्ध गराइने छैन ।

SUNKOSHI RM

६. विद्युतिकरण नभएका स्थानहरुमा यथाशिघ्र विद्युतीकरण गर्न पहल गरिनेछ । साथै यस पालिका क्षेत्रभित्र विद्युतिकरणका सम्वन्धमा पटक पटक समस्या आउने क्षेत्रको पहिचान गरी समाधान गर्न नेपाल विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरिनेछ ।

७. बजारको मुख्य सडकमा बत्ति जडान र जोखिय युक्त सडकहरुको पहिचान गरी सिसिटिभि क्यामेरा जडान गर्ने कार्य संचालन गरिनेछ ।

**खानेपानी सिंचाई तथा सरसफाई**

१. गाउँपालिकाको सम्पूर्ण वस्तीहरुमा सुरक्षित खानेपानीको व्यवस्था गरी मिटर जडान गरी एक घर एक धाराको सुनिश्चितता गर्ने गाँउपालिकाको साझा लक्ष्यलाई पुरा गर्ने नीति लिईनेछ ।गाउँपालिकाको केन्द्रमा रहेको बृहत खानेपानी आयोजना साथै सवै वडाका खानेपानी आयोजनाहरुलाई सवै समय पुर्ण रुपमा संचालन हुन सक्ने गरी स्तरउन्नती गरिनेछ ।

२. खानेपानीका मुहानहरुको पहिचान गरी पालिकाबाटै मुहान दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै तेस्ता मुहानहरुको पानी समय समयमा परिक्षण गरी खानेपानी योजनाहरुको दिगो उपयोग एवंम संरक्षण गर्न उपभोक्तालाइ आवश्यक तालिम प्रदान गरिनेछ । बस्तीस्तरमा सरसफाई योजना लागु गरिनेछ । घर, अफिस, विद्यालय तथा टोलस्तरमा सरसफाईलाई अभियानका रुपमै लैजाने नीति लिईनेछ ।

३.गाउँपालिका क्षेत्रमा रहेको नेवा संस्थासंग समन्वय गरी खानेपानी गुणस्तर परीक्षण कार्यलाई तिव्रता दिइनेछ ।

**वातावरण संरक्षण ,फोहरमैला व्यवस्थापन एबं प्रकोप व्यवस्थापन**

१.बाढी, पहिरोबाट जोखिममा रहेका क्षेत्रहरुको पहिचान भएका, त्यस्तो स्थानमा रहेका बस्तीहरुलाई पुनस्थापना साथै बस्ती स्थानान्तरण गर्ने योजना निर्माण गर्न तथ्याङ्क संकलन गरिनेछ।

२ प्रकोपमा क्षति व्यहोर्ने घर परिवारलाई राहत उपलब्ध गराउन तयार भएको मापदण्ड अनुसार राहत तथा पुनस्थापनाको कार्यक्रमलाइ निरन्तरता गरिनेछ।दोहोरो राहतलाई नियमन गर्न सफ्टवयर प्रणाली लागु गरिनेछ ।

३. विपद् तथा प्रकोप व्यवस्थापनको गाउँपालिका तथा वडा कार्यालयमा रहेको विपद् तथा प्रकोप व्यवस्थापन समितिलाई सक्रिय गरि दैवि प्रकोप कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । साथै प्रत्येक वडा स्तरमा विपद् तथा प्रकोप व्यवस्थापन समितीलाई आधारभूत तालिम प्रदान गरीनेछ ।

SUNKOSHI RM

४. स्वच्छ सुनकोशी हराभरा सुनकोशी भन्ने नाराका साथ यस पालिकालाई Greenery Area को रुपमा विकास गर्दै लगिने छ ।वातावरण र जैविक विविधताको संरक्षणको लागी विपत जोखिम क्षेत्रहरुमा वृक्षारोपणका कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

५. आगामी आव देखी फोहोरमैला व्यवस्थापन कार्ययोजना पुर्ण रुपमा लागु गरिनेछ।उद्योग वाणिज्य संघ र होटल व्यवसायी संघको सहकार्यमा गाँउपालिकाको विभिन्न स्थानहरुमा उत्पादन हुने फोहोरलाई उपर्युक्त ढंगले व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइड निर्माणका साथै फोहोरलाई घरबाटै कुहिने र नकुहिने गरी जैविक र अजैविक फोहोरको रुपमा अनिवार्य रुपमा छुट्याउने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । कुहीने फोहोरलाई अर्गानिक मलको रुपमा उत्पादन गर्ने नीति गरिनेछ ।

९. रोसीखोला, सुनकोशी र गाँउपालिका भित्रका नदी तथा खोलाहरुको कटान नियन्त्रण गर्न नदी तथा खोला किनारहरुमा बाँस लगायत उपयोगी विरुवाहरु लगाउने, जोखिममा रहेका बस्तीहरुलाई जोगाउन आवश्यक तारजालीको प्रवन्ध गरिनेछ ।

१०. विकास निर्माणका गतिविधिहरु संचालन गर्दा जैविक विविधतता, पारिस्थितिक पद्दति एवम वातावरण सन्तुलन कायम हुने गरी अगाडी बढाइनेछ ।

१२. जलवायु परिवर्तनबाट सिर्जित असरहरुलाई न्युनिकरण गर्न गैर सरकारी संस्था संगको सहकार्यमा स्थानीय रुपमा जलवायु अनुकुलन योजना निर्माण गरिनेछ ।

**<u>वित्तिय व्यवस्थापन</u>**

१. चालु आर्थिक वर्षसम्म फछ्यौट गर्न बाँकी रहेको बेरुजुलाइ लेखा समिति मार्फत सभामा पेश गरी क्रमशः फछ्यौट गर्दै लगिनेछ ।

२. राजस्व प्रशासनलाइ थप प्रभावकारी बनाइ दर भन्दा दायरा विस्तार गर्न पहल गरिनेछ ।

३. उपभोक्ता समिती मार्फत हुने योजनाहरु जेष्ठ मसान्तसम्ममा भुक्तानी दिने व्यवस्था मिलाइनेछ।

४. हाल वडा कार्यालयबाट कार्यान्वयन भएका सवै प्रकारका कर राजस्व प्रणालीलाई पालिकाको प्रशासकीय भवनबाट पनि कर राजस्व तिर्ने व्यवस्था लाई निरन्तरता दिइएको छ ।

५. गाँउपालिकाको आर्थिक कारोवारहरु चुस्त दुरुस्त वनाईनेछ ।साथै नियमानुसार आलेप र मलेप गरी आर्थिक क्रियाकलापहरुलाई व्यवस्थित र पारदर्शि वनाईनेछ ।

**<u>सहकार्य र समन्वय</u>**

विकास निर्माणका साझा गतिविधिहरुमा छिमेकी पालिकाहरु साथै संघ र प्रदेश सरकार तथा अन्य क्षेत्रहरुमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था एवम निजी क्षेत्रसंग सहकार्य र समन्वय गरि अगाडी बढाइनेछ।स्थानिय संचार माध्यमहरुको प्रवर्द्धन एवं संचारकर्मीहरुको सामाजिक उत्तरदायित्व बहन गर्न विभिन्न चेतनामुलक एवं क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

SUNKOSHI RM

**<u>मानव संशाधन, सूचना प्रविधि, सेवा प्रवाह र सुशासन</u>**

१. "म भ्रष्टाचार गर्दैन, म भ्रष्टचार हुन दिन्न, म देश र जनताको लागि इमानदार भएर काम गर्ने प्रतिज्ञा गर्दछु" भन्ने विषय हरेक कर्मचारीको आफ्नो कार्यकक्षमा सबैले देख्ने गरी राख्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

२. राजश्व चुहावटलाई व्यवस्थित, वैज्ञानिक र पारदर्शिता कायम गर्न हाल संचालनमा रहेको राजश्व व्यवस्थापन प्रणालीलाई अध्यावधिक तथा निरन्तरता साथै कर्मचारीलाई क्षमता विकासको तालिम दिइनेछ ।

३. चौमासिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण जस्ता कार्यक्रमलाई नियमित गरिनेछ ।प्रशासकीय तथा वडा कार्यालय भवनमा सि.सि.टि.भी. क्यामरा मार्फत हरेक कर्मचारीको कार्यकक्षबाट हुने सेवाप्रवाहको अवस्था हेर्ने व्यवस्थालाई निरन्तरता दिदै सो को प्रयोगलाई चुस्त वनाइनेछ । साथै कार्यालयबाट हुने हरेक प्रकारको सेवाहरु डिजिटल डिस्पेले मार्फत सूचना प्रवाह गर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

४.कार्यसम्पादनको आधारमा वार्षिक रुपमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।त्यसको लागि प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा एक पुरस्कार सिफारीस समिति गठन गरिनेछ ।

५.कार्यालयको अभिलेख प्रणालीलाई डिजिटलाईजेसन गर्दै लगिने छ । कर्मचारिहरुको क्षमता विकास गर्न उचित तालिम तथा अवलोकन भ्रमणको व्यवस्था लाई निरन्तरता दिइनेछ।

६. प्रत्येक वडा कार्यालयहरुबाट अनलाइन सेवा प्रवाहलाई थप प्रभावकारी बनाउदै क्रमश अगाडी बढाइनेछ ।

७. कार्यालयको वेभ साइट मार्फत गाउँपालिकाको नीति, नियम कार्यक्रम एवं सम्पूर्ण आय व्यय विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।आगामी आर्थिक वर्ष देखी दर्ता चलानी प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ ।

८. आर्थिक वर्षको शुरुवातमै अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख कर्मचारीहरुबीच कार्यसम्पादन करार सम्झौता गरिने व्यवस्था मिलाइनेछ ।सो कार्यान्वयको अवस्था निरन्तर मूल्याङ्कन गरिने व्यवस्था मिलाईनेछ ।

९नागरिकहरुका गुनासो तत्कारल सम्बोधन गर्न अनलाइन गुनासो व्यवस्थापन प्रणाली संचालन गरिनेछ ।

SUNKOSHI RM

९. गाउँपालिकाको स्रोतको अवस्थालाई मध्यनजर गरी करारमा कार्यरत जनशक्तिको तलब पुनरावलोकन गरिनेछ।गाउँपालिकाको आन्तरिक स्रोतको अवस्था हेरी सुचकमा आधारित कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

**यस सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने उपाध्यक्षज्यू, यस गाउँसभाका सचिवज्यू, समितिका संयोजक एवम सदस्य ज्यूहरु, वडा अध्यक्ष एवं कार्यपालिका सदस्य ज्यूहरु ,वडा सदस्य तथा अन्य कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै

प्रस्तुत नीति तथा कार्यक्रम लागु भई सुनकोशी गाउँपालिकाको समृद्धिको सपना साकार हुने विश्वास लिएको छु ।

यस गाँउपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमबाट समृद्ध सुनकोशी निर्माण गर्ने अभियानलाई थप सहयोग पुग्ने अपेक्षा समेत लिएको छु ।यसको कार्यान्वयमा सवैको सक्रिय सहभागिताको लागि हार्दिक अपिल समेत गर्दै यसलाई सभाबाट पारित गरिदिनुहुन अनुरोध समेत गर्दछु ।

**“हामी सवैको शान, समृद्ध सुनकोशी हाम्रो अभियान**

**धन्यबाद !!!**

**दिपा बोहोरा दाहाल**

**अध्यक्ष**

**सुनकोशी गाउँपालिका रामटार, सिन्धुली । मिति २०८३।०३।०५ गते**

SUNKOSHI RM

SUNKOSHI RM